# आर्थिक बर्ष २०८१/०८२ को

# विनियोजन ऐन

## परिवर्तन गाउँपालिका

## रोल्पा जिल्ला

## लुम्बिनी प्रदेश

## २०८१

# स्थानीय तहको विनियोजन ऐन

## परिवर्तन गाउँपालिकाको विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक

**परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोष बाट केही रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभा बाट स्वीकृत मिति :-२०८१/०३/१०

**प्रस्तावना :–**

परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चितकोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम परिवर्तन गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

(१) यस ऐनको नाम **"परिवर्तन गाउँपालिकाको बिनियोजन ऐन २०८१"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०८१/०८२ को निमित्त सञ्चितकोष बाट रकम खर्च गर्ने अधिकार :–**

(१)आर्थिक बर्ष २०८१/०८२ को निमित्त गाउँपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र आ ब ०८१/०८२ मा अल्या हुन आउने अनुमानित रकम १०००००० र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४५,५७,११,०००।००/-(अक्षरुपि पैचालिस करोड सन्ताउन्न लाख एघार हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ ।

**३. बिनियोजन :–**

(१) यस ऐनद्वारा सञ्चितकोष बाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक बर्ष २०८१/०८२ को निमित्त परिवर्तन गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षक बाट अपुग नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकास र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र बित्तीय व्यवस्थातर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजन रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूजीगत खर्च र बित्तीय व्यवस्थाको खर्च ब्यहोर्न एक स्रोत बाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची १

**दफा २ संग सम्बन्धित**

नेपालको संबिधानको धारा २२९ (२) बमोजिम

**संचित कोष बाट बिनियोजन हूने जम्मा रकम रु.** ४५,५७,११,०००।००

| क.सं | अनुदान संख्या | शिर्षकको नाम | चालू खर्च | पुंजिगतखर्च | बित्तियब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गापाकार्यालय, वडा समिति,विषयगत समिति | ११,५२,४२,३६०।०० | ८,७७,३०,६४०।०० | ० | २०,२९,७३,०००।०० |
| २ | | संघीय सरकार बाटहस्तान्तरित | १९,२०,३८,०००।०० | ४,३२,००,०००।०० | ० | २३,५२,३८,०००।०० |
| ३ | | प्रदेश सरकार वाटहस्तान्तरित | ००।०० | १,७५,००,०००।०० | ० | १,७५,००,०००।०० |
| कुलजम्मा | | | ३०,७२,८०,३६०।०० | १४,८४,३०,६४०।०० | | ४५,५७,११,०००।०० |